नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

# प्रेस विज्ञप्ती

माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीज्यू र नेपालका लागि संयुक्त राज्य अमेरिकाका महामहिम राजदूत Dean R. Thompson बीच आज श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा भेटवार्ता सम्पन्न भयो। भेटका क्रममा माननीय मन्त्रीज्यूले आफू श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारीमा आए पश्चात आन्तरिक एवं वैदेशिक रोजगारीको क्षेत्रलाई मर्यादित र व्यवस्थित बनाउने सन्दर्भमा प्राप्त अवसरहरुको अधिकतम उपयोग गर्दै चुनौतीहरुलाई क्रमशः न्यूनिकरण गर्न नेतृत्व लिएको बताउनुभयो। माननीय मन्त्रिज्यूले अमेरिकन सरकारका तर्फबाट USAID, MCC लगायत परियोजना मार्फत नेपालको विभिन्न क्षेत्रमा प्राप्त सहयोगका लागि धन्यबाद ज्ञापन गर्नुभयो। संयुक्त राज्य अमेरिकाको श्रम विभागले सार्वजनिक गरेको प्रतिवेदनको सन्दर्भमा नेपाल सरकार सबै किसिमका बालश्रम निरुपण गर्न प्रतिवद्ध रहेको र उक्त सन्दर्भमा नेपालले आफ्नो प्रतिवेदन समेत अमेरिकाको श्रम विभागमा प्रेषित गरेको विषय जानकारी गराउनु भयो। रोजगारीको क्षेत्रमा देखा परेका विविध खालका समस्या, चुनौति, ठगी लागतका विषयहरुलाई न्युनीकरण गर्न आफू निरन्तर रुपमा लागिरहेको बताउँदै माननीय मन्त्रीज्यूले सीपयुक्त जनशक्ति उत्पादन गर्ने र बिशिष्टिकृत सीपलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउने विषय आफ्नो प्राथमिकतामा रहेको बताउनु भयो। यसैगरी, भेटका क्रममा महामहिमज्यूले नेपाल र अमेरिकाबीच विविध क्षेत्रमा भएको सहकार्य प्रशंसनीय रहेको बताउँदै MCC परियोजना सहज रुपमा अगाडि बढेकोमा खुसी व्यक्त गर्नुभयो। USAID कार्यक्रमको समयावधि थप भएको जानकारी गराउँदै महामहिमज्यूले वैदेशिक रोजगारीका क्रममा देखा पर्ने मानव-तस्करी लगायतका समस्याहरु समाधानका लागि नेपालले चाल्ने पहलकदमीमा अमेरिका सरकारको सदैव सहयोग रहने बताउनुभयो। साथै, महामहिमज्यूले वैदेशिक रोजगारीमा नेपाली श्रमिकहरुले प्रदर्शन गरेको अनुशासन एवं इमान्दारिताको उच्च प्रशंसा गर्नु भएको थियो।

उक्त भेटका अवसरमा मन्त्रालयका सहसचिवद्धय श्री डण्डुराज घिमिरे र श्री राजिव पोखरेल एवं उपसचिव श्री कविराज उप्रेती लगायतका अधिकारीहरुको सहभागिता रहेको थियो।

मितिः-२०८० बैशाख ११ गते

डण्डुराज घिमिरे
सहसचिव/प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ०१-४२००५९५, फ्याक्स नं.:- ०१-४२११८७७, टोल फ्रि नं.:- १६६००१५०००५, श्रम कल सेन्टर फोनः- ११४१
ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np